
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सफल फ्रेन्चाइज फिल्म 'होस्टेल'लाई कलाकार जन्माउने कारखानाको रुपमा लिने गरिन्छ । यसको दुई श्रृंखलाबाट उदाएका केही कलाकार नेपाली फिल्मका ठूला 'स्टार' समेत बनेका छन् । 'होस्टेल'को तेस्रो श्रृंखला यही फाल्गुन २३ गतेदेखि प्रदर्शनमा आउँदैछ । अघिल्ला दुई श्रृंखलाझैं तेस्रो श्रृंखलाबाट पनि थुप्रै नयाँ कलाकारको उदय हुँदैछ । त्यसमध्येका एक हुन्, आशिष घिमिरे 'धुन्धुकारी' । उनी 'स्टार किड्स' हुन् । लोकप्रिय कलाकार केदार घिमिरे 'माग्ने बुढा' उनका बुबा हुन् ।

**आजको विचार...**



ज्येष्ठ...
*(दुई पेजमा)*

प्रा. देवीभक्त ढकाल

लोक गायक खेम सेन्चुरी र गायिका संगीता थापा मगरको स्वरमा नयाँ गीत सार्वजनिक गरिएको छ । 'धेरै नरिसाउँ'बोलको गीत संगीता थापा मगर युट्युव च्यानलमार्फत सार्वजनिक गरिएको हो । गीतमा रमेश परियारको शब्द र संगीत छ । गीतको भिडियोमा नायक पुष्प खड्का र नायिका सनिशा भट्टराईले नृत्य गरेका छन् । नवराज उप्रेतीको टिमले खिचेको भिडियोलाई विक्रम चौहानले निर्देशन गरेका हुन् । भिडियोमा मिलन विश्वकर्माको सम्पादन छ । गीत हिट हुन्छ भन्ने ठुलो अपेक्षा लिएको गायिका संगीताले बताएकी छिन् ।



❒ वर्ष ३० ❒ अंक २१६ ❒ २०८१ फागुन १७ गते शनिबार 1 March 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### उत्तराखण्डको बद्रीनाथमा हिमपहिरो, १० व्यक्तिको उद्धार

(रासस/एएनआइ) ——

**चमोली, उत्तराखण्ड,** फागुन १६/ भारतको उत्तराखण्डको चमोली जिल्लामा शुक्रबार ठूलो हिमपहिरो गएको छ । हिमपहिरोमा परीसडक निर्माणमा संलग्न कम्तीमा ४७ जना कामदार हिउँको ठूलो थुप्रोमुनि फसेका छन् । हिमपहिरोमा फसेका कम्तीमा १० जनालाई उद्धार गरिएको छ ।

उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले भने,'सीमा सडक सङ्गठन (बीआरओ) शिविरका निर्माण मजदुरहरू बद्रीनाथको माना गाउँनजिकै काम गरिरहेका समय एक्कासी हिमपहिरो आउँदा केही व्यक्ति हिउभित्र फसेका छन् । उद्धारका लागि सुरक्षकर्मी त्यसतर्फ गइसकेका छन् ।' प्रहरी मुख्यालयका प्रवक्ता आईजी निलेश आनन्द भर्नेले यो समाचार तयार पार्दासम्म ५७ जना कामदारमध्ये १० जना कामदारको उद्धार गरिएको बताए । 'मानाको सीमा क्षेत्रमा रहेको सीमा सडक सङ्गठनको शिविर नजिकै ठूलो हिमपहिरो खसेको छ जसमा सडक निर्माणमा संलग्न ५७ जना कामदार फसेका र तीमध्ये १० जना कामदारलाई उद्धार गरी गम्भीर अवस्थामा माना नजिकैको सेनाको क्याम्पमा पठाइएको छ,' प्रहरी महानिरीक्षक निलेश आनन्द भर्नेले एएनआईसँग बताए । यसैबीच, बीआरओका कार्यकारी इञ्जिनियर सीआर मीनाले उद्धार कार्य जारी रहेको र भारी हिमपातका कारण टोलीलाई कठिनाइ भइरहेको बताए । उनले भने, 'तीनदेखि चारवटा एम्बुलेन्स पनि पठाइएको छ, तर बाक्लो हिमपातका कारण उद्धार टोलीलाई त्यहाँ पुग्न समस्या भइरहेको छ,'बीआरओका कार्यकारी इञ्जिनियरले भने । उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले भारत-तिब्बत सीमा प्रहरी र बीआरओले राहत र उद्धार कार्य जारी राखेको बताए ।

# पढ्ने उमेरमै आमा

*तराईमा व्याप्त रहेको भनिने बालविवाह पहाडी क्षेत्रमा पनि कम छैन । पढ्ने उमेरका यी किशोरीको काखमा छोराछोरी, टाउकोमा सिन्दुर, गलामा पोते र हातमा राता चुराले भरिने गरेका छन् । अधिकांश बालिका विवाह गरेको एक/डेढ वर्षमै गर्भवती हुने गर्दछन् ।*

**रामचन्द्र रायमाझी/रासस——**
**तानसेन (पाल्पा),** फागुन १६/ जिल्लाको माथागढी गाउँपालिका बहादुरपुरकी यमिश्वर जर्घाको १५ वर्ष हुँदा प्रेम विवाह भयो । अहिले उनी २४ वर्षकी भइन् । उनको काखमा एक वर्षको छोरा छन् । विद्यालयमा कापी कलम लिएर पढ्न जाने समयमा जर्घा बच्चा स्याहार्दै घर व्यवहार चलाउँदै आएकी छन् । कक्षा ५ मा पढ्दै गर्दा उनको विवाह भएको हो । हाँस्दै खेल्दै पढ्ने उमेरमा जर्घा एक सन्ताको आमा भएकी छन् ।

जिल्लाकै निस्दी गाउँपालिका मित्यालकी शान्ती सारुको १३ वर्ष हुँदा मागी विवाह भयो । अहिले उनी २२ वर्षकी भएकी छन् । सारुका चार वर्षका छोरा छन् । उनलाई अहिले सानैमा विवाह भएकोमा पछुतो छ ।

उमेर नपुगी विवाह भएकाले उनले आृना धेरै चाहनालाई मनभित्रै खुम्च्याउनु परेको छ । 'बिहे गर्दिन भन्न कहाँ पाइन्थ्यो र ' घरपरिवारको चाहनाअनुसार बिहे गर्नुपर्थ्यो, आफूलाई परेका हिंसा बारेमा पनि बोल्न सक्दिनथेँ । आफूसरहका धेरैजसो साथीको सानैमा विवाह भएको थियो । मेरो बालविवाह भएको अहिले बल्ल महशुस हुन्छ, उनले भनिन् । तानसेन -१३ माझी गाउँकी सीता माझी (नाम परिवर्तन) ले १५ वर्षको उमेरमै पाँच वर्षअघि भागेर बिहे गरिन् । अहिले २० वर्ष पुगेएकी उनका २ छोरी छन् । पछिल्लो पटक जन्मेकी उनकी छोरी एक महिना पुगिन् । 'सुत्केरी अवस्थामा खानलाई घरमा अन्न छैन । श्रीमान् मजदूरी गर्छन्' उनले भनिन्, 'सामान्य चिनजान थियो, पछि फोनमा कुरा हुन्थ्यो, ५ कक्षामा पढ्दा पढ्दै भागेर बिहे भयो । अहिले गुजारा चलाउन गाह्रो छ ।' विवाहपछि घरायसी कामले पढ्न नसकेको उनले बताइन् । उनीहरु जस्तै जिल्लाका धेरै किशोरी आमा बनेका छन् । तराईमा व्याप्त रहेको भनिने बालविवाह पहाडी क्षेत्रमा पनि कम छैन ।

पढ्ने उमेरका यी किशोरीको काखमा छोराछोरी, टाउकोमा सिन्दुर, गलामा पोते र हातमा राता चुराले भरिने गरेका छन् । अधिकांश बालिका विवाह गरेको एक/डेढ वर्षमै गर्भवती हुने गर्दछन् । जिल्ला स्वास्थ्य कार्यालय पाल्पाको तथ्याङ्क अनुसार जर्घा र सारुजस्तै पाल्पाका गर्भवती महिलामध्ये करिब १३ प्रतिशत बिहे गर्नका लागि नेपालको कानुनले तोकेको न्यूनतम् उमेर २० वर्षभन्दा कमका छन् । बितेका तीन आर्थिक वर्षमा कूल १३ हजार ९ सय ९८ गर्भवती महिलामध्ये एक हजार ७ सय ८१ जना २० वर्ष मुनिका अर्थात् १२ दशमलव ७२ प्रतिशत थिए ।

स्वास्थ्य कार्यालयका प्रमुख टुकप्रसाद पोखरेलका अनुसार स्वास्थ्य संस्थामा गर्भ जाँच गर्न जाने महिलाको उमेर हेर्दा यो अवस्था देखिएको हो । कति गर्भवती स्वास्थ्य संस्थामा नआएका हुनसक्ने भएकाले यो मात्रा बढ्न सक्ने पोखरेलले बताए । विगत तीन आववर्षमा भएका गर्भवतीमध्ये उमेर नपुगेका निस्दी गाउँपालिकामा सबैभन्दा बढी अर्थात् २५ प्रतिशत थिए । तिनाउ गाउँपालिकामा २३, माथागढी गाउँपालिकामा २१, रैनादेवी छहरा गाउँपालिकामा १९, रामपुर नगरपालिकामा १५, रिब्दीकोट गाउँपालिकामा १४, पूर्वखोला गाउँपालिकामा १३, रम्भा गाउँपालिकामा ११, बगनासकाली गाउँपालिका र तानसेन नगरपालिकामा आठ प्रतिशत किशोरी आमा बनेका हुन् ।



### बालविवाहका कार्यक्रम असफल

यहाँका स्थानीय तहले बालबालिकाका क्षेत्रमा कार्यक्रम तय गरेका त छन् तर ती सबै असफल जस्तै भएका छन् । आफ्नो पालिकालाई 'बालमैत्री' घोषणा गर्ने होडबाजीमा उनीहरु छन् । बालबालिकाका नाममा यहाँका पाँचवटा पालिकाले ३ करोड ८ लाख रुपैयाँभन्दा बढी बजेट समेत खर्च गरेका छन् । तर उपलब्धी भने शून्य जस्तै छ । चैत्र १४, २०७७ मा लुम्बिनी प्रदेशमै पहिलो 'बालमैत्री' गाउँपालिका घोषणा गरेको बगनासकाली गाउँपालिकाले अहिलेसम्म 'बालमैत्री' कार्यक्रमका लागि १ करोड १९ लाख ५० हजार रुपैयाँ बजेट खर्च गरिसकेको छ । तर यहाँ बालविवाह रोकिएको छैन । जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेर उमेर नपुगी बिहे गर्ने चलन रोक्ने प्रयास भए पनि बालबिबाह रोकिएको छैन ।

यस्तै, रम्भा गाउँपालिकाले आफ्नो पालिकालाई २० पुस, २०७८ मा बालमैत्री गाउँपालिका घोषणा गरेको थियो । यहाँ यस सम्बन्धी कार्यक्रमका लागि अहिलेसम्म ५६ लाख ५० हजार रुपैयाँ रकम खर्च भएको छ । बालविवाह घटाउन चेतनामूलक कार्यक्रम गर्ने गरेको छ । गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारीले बालविवाह हुने दर घटाउन सफल भएको दाबी गरे पनि यहाँ अझै पनि लुकीछिपी बालविवाह भइरहेका छन् । ...**बाँकी अन्तिम पेजमा**

# सिन्धुपाल्चोक भूकम्प : क्षतिको विवरण संकलन हुँदै

**काठमाडौं,** फागुन १६/सिन्धुपाल्चोक भूकम्पको क्षतिबारे विवरण सङ्कलन भइरहेको छ । शुक्रबार बिहान सिन्धुपाल्चोकको भैरवकुण्ड आसपास केन्द्रबिन्दु बनाएर ६.१ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको थियो ।

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार शुक्रबार बिहान २ बजेर ५१ मिनेटमा भूकम्प गएको हो । भूकम्पको धक्का काठमाण्डौसहित देशका धेरै ठाउँमा महसूस गरिएको थियो । कतिपय मानिस निद्राबाट बिउँझिएर घरबाहिर निस्किएका थिए । भूकम्पबाट ठूलो क्षति नभएको जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकले जनाएको छ ।

सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी किरण थापाले दिएका जानकारी अनुसार भूकम्पले हल्लाएपछि आत्तिएर भाग्दा सिन्धुपाल्चोक कारागारका एक जना कैदी घाइते भएका छन् । सामान्य घाइते भएका उनको जिल्ला अस्पतालमा उपचार भइरहेको छ ।

**-बाँकी अन्तिम पेजमा**

# आज बुटवलमा राप्रपाको जागरण सभा

**बुटवल,** फागुन १६/राष्ट्रिय प्रजातन्त्र पार्टीले आज बुटवलमा प्रदेशस्तरीय जागरण सभा गर्न लागेको छ । 'अवस्था बदल्न व्यवस्था बदलौं' भन्ने नारासहित राप्रपा लुम्बिनी प्रदेशको आयोजनामा बुटवलमा सभा गर्न लागिएको हो ।

राप्रपाले बिहीबार बुटवलमा पत्रकार सम्मेलन गर्दै शनिबार शक्ति प्रदर्शन गर्ने जनाएको हो । सभामा पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, उपाध्यक्षद्वय विक्रम पाण्डे, वबहादुर प्रधान, महामन्त्री धवल शमशेर राणा, प्रवक्ता ज्ञानेन्द्र शाही लगायतका नेताले सम्बोधन गर्नेछन् । ट्राफिक चोकमा गरिने सभामा हजारौं नागरिकको सहभागिता हुने राप्रपाको दाबी छ ।




सातै प्रदेशका मुख्य शहरमा सभा गर्ने राप्रपाले गएको माघ ११ गतेको बैठकबाट निर्णय गरेको थियो । कोशी र गण्डकी प्रदेशमा जागरण सभा गरेको राप्रपाले लुम्बिनीपछि कर्णाली, सुदूरपश्चिम, बागमतीमा सभा गर्ने जनाएको छ । राप्रपाले सबै प्रदेशमा सरकारविरुद्धको खबरदारी सभा गरिरहेको छ ।

त्यही अभियानअन्तर्गत बुटवलमा शनिबार जागरण सभा हुन लागेको राप्रपा पाल्पाले जनाएको छ । ठूला दलले निरन्तर जनतामा निराशा मात्रै दिएपछि आशा र निकासका लागि जागरण सभा गर्न लागिएको राप्रपा पाल्पाका अध्यक्ष डुलबहादुर कुंवरले जानकारी दिए ।

मुलुकमा बढ्दो विकृति र भ्रष्टाचारविरुद्धको अभियानमा राप्रपा देश दौडाहामा लागेको उनले बताए । देशको राष्ट्रियतासमेत संकटमा परेको राप्रपाको दाबी छ । 'मुलुकले निकास खोजेको छ, त्यसैले सबै अट्ने नयाँ समझदारी गरेर अगाडि जानुपर्छ,' अध्यक्ष कुंवरले भने, 'राष्ट्रियता संकटमा परेकाले सबैको जागरुकता र सहयोग हामीले खोजेका छौं ।'

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## शून्य भेदभाव दिवसको सार्थकता

**हरेक वर्षको मार्च १ गते विश्वभरी नै संयुक्त राष्ट्र संघले शून्य भेदभाव दिवस मनाउने गर्दछ । आज पनि यो दिवस विश्वभर मनाइँदै छ । नेपालले जातीय लगायत सबै किसिमका भेदभाव अन्त्य तथा सामाजिक न्याय सुनिश्चित गर्ने प्रतिबद्धता जनाउँदै आए पनि अझै त्यो अवस्था कायमै छ । नेपाली समाजमा कतै जातिय भेदभाव, कतै लैङ्गिक भेदभाव हुने गरेका घटनाहरु थुप्रै हुने गरेका छन् । जातीय आधारमा अहिले पनि छुवाछूतजन्य संस्कार समाजमा स्थापितरुपमै विद्यमान छ । बारम्बार प्रकट हुने घटना र त्यसबाट भड्किँदो हिंसारुपी ज्वालाले अझै पनि समाजलाई विभाजित बनाइरहेकै छ । कतै तल्लो जातको भन्दै दिसा खुवाइएका घटनाहरु छन् त कतै सानो जात भनेर बोक्सीको आरोप लगाउँदै चरम यातनासमेत दिइरहेको पाइन्छ । कतै मन्दिर प्रवेश गरेको भन्दै मारिएका घटनाहरु अघि आउँछन् त कतै माथिल्लो जातसँग प्रेम गरेकै आधारमा ज्यानै जाने गरी सजाय दिइएका उदाहरणहरु खोज्ने हो भने बग्रेल्ती भेटिन्छन् ।**

**प्रत्येक घर-घरमा छोराछोरीमा विभेद छ । मानिस कम नै भेटिन्छ होला, जसले सुरुमा घरमा छोरीको आगमन होस् भनेर चाहना राखोस् । नत्र त अधिकांश मानिस सुरुमा छोरी जन्मेको छ भने दोस्रोपल्टबाट छोरा छ भने जन्म दिने नत्र गर्भपतन गराउने गर्छन् । जति नै पढेलेखेको, ठूलै मान्छे भए पनि प्रायः सबैले यसै गर्ने गर्छन् । यो आफैमा दुखद् हो । एक्काइसौँ शताब्दीमा आएर पनि देशका कुनाकाप्चामा अमानवीयरुपमा घटित भैरहेका हिंसामा पढेलेखेकाहरुकै सक्रिय सहभागिता देखिनुले समाजको धार कतातिर गैरहेको छ स्पष्ट हुन्छ । कानुनीरुपबाट हेर्दा सबै मानिस समान हुन् भन्ने नीतिगत अवधारण देखिन्छ, तर व्यवहारमा देखिने अनेकौं प्रकारका प्रारुपहरुलाई कानुनले समेत सम्बोधन गर्न सकिरहेको छैन । जातीय र लैङ्गिक भेदभाव जस्ता क्रियाकलापलाई समाजबाटै मेटाउन कानुनीरुपमा त्यस्ता प्रक्रियामा संलग्न रहेकाहरुलाई दण्ड-सजायको व्यवस्था गर्नु यतिखेरको आवश्यकता हो । मानिसको रुपमा जन्म लिइसकेपछि समाजमा सुरक्षित तरिकाले बस्न र बाँच्न नपाउनु सामाजिक अपराध हो, जसलाई बेलैमा राम्रोसँग उपचार गर्न सकिएन भने हरेक वर्ष मनाइने दिवसले सार्थकता प्राप्त गर्न सक्दैन । यसर्थ विभेदको अन्त्य गर्न राज्यको ध्यान जान जरुरी छ ।**

### Opinion @ Social Network

मन मुटुमा गडेपछि निकाल्न नमिल्दो रहेछ, चिहानमा गडेका लासहरू
जस्तै रहेछन् याद हरू पनि

*(रानी ठकुरीको फेसबुक पेजको स्टाटस https://www.facebook.com/Kasamranithaquree)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ज्येष्ठ नागरिक भत्ता कि विपन्न ज्येष्ठ नागरिक भत्ता ?



प्रा. देवीभक्त ढकाल

*सत्ता र शक्तिमा हुनेले जताभावी खर्च गर्न हुने, पुग्ने ज्येष्ठ नागरिकलाई सजिलोसँग जीवन धान्ने, औषधोपचार आदिको खर्चको समुचित व्यवस्था गर्न किन नपुग्ने ? सरकारले गर्दै आएको फजुल खर्चलाई कटौती गर्ने र सरकार यदि मितव्ययी हुने हो भने यस्ता लोककल्याणकारी शीर्षकमा खर्च गर्न किन पुग्दैन ? एकपटक राष्ट्रपति भयो भने उसको सबै खर्च राज्यले सधैं किन व्यहोर्ने ? यस्तोमा भएगरेका खर्च अब रोक्नुपर्छ । सत्तामा बस्नेले प्रयोग गर्ने सवारीसाधनको अन्धाधुन्ध खर्च कटौती गर्ने हो भने त्यसले विपन्न वर्गका सबै ज्येष्ठ नागरिकलाई आर्थिक राहत दिन सकिन्छ । राज्यले आँट र साहस गर्न किन सक्दैन ? देशको साधनस्रोतको चरम दुरुपयोग प्रदेशहरुको संरचनामा भएको छ । नेपाली भूगोलको र जनसंख्याको आकारको हिसाबले यदि हेर्ने हो भने प्रदेश संरचना एक प्रकारको अनावश्यक फजुल खर्च हो । राज्यलाई टाट उल्ट्याउने षड्यन्त्र हो । राजनीतिक कार्यकर्तालाई व्यवस्थापन गर्ने फटाहा र देशद्रोही रणनीति हो । प्रदेशको नाममा राज्यको स्रोतसाधनको दुरुपयोग गर्नु देशद्रोही काम हो ।*

सामाजिक सुरक्षाका नाममा ज्येष्ठ नागरिकलाई वितरण हुने ज्येष्ठ नागरिक भत्ता किन दिने ? यसको परिभाषाभित्र विपन्नता नै अनिवार्य शर्त हुनुपर्छ । यो विपन्न र सम्पन्न वर्गको विभेदले उत्पन्न समस्या भएकाले यसको समाधानमा विभेदकारी उपायको अवलम्बन अपरिहार्य छ । ज्येष्ठ नागरिकलाई दुई वर्गमा विभाजित गरेर यसको समाधान विपन्न वर्गलाई आर्थिक लाभ दिनु एकमात्र ध्येय हुनुपर्छ । सरकारका सम्पूर्ण कामकारबाहीमा सकारात्मक/नकारात्मक प्रभाव के-के हुनसक्छन् भन्ने विषयमा पूर्वअध्ययन जरुरी हुन्छ । ज्येष्ठ नागरिक भत्तामात्रै भन्ने हो भने त्यस भत्ताको दाबेदार सबै ज्येष्ठ नागरिक हुन्छन् । तर, राज्यको ज्येष्ठ नागरिक भत्तासम्बन्धी लक्ष्य सबै ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक भत्ता वितरण गर्ने नीति पक्कै नहुनुपर्छ । ज्येष्ठ नागरिक भत्ताको अर्थ हो विपन्न ज्येष्ठ नागरिक भत्ता । नेपाल जस्तो गरिब देशले सबै ज्येष्ठ नागरिकलाई भत्ता दिन किमार्थ सम्भव छैन । यो देशको ढुकुटीले धान्न सक्दैन । निर्णयको प्रभाव-मूल्यांकन जुन देशमा हुँदैन त्यहाँ साधनस्रोतको दुरुपयोगको उच्च सम्भावना हुन्छ । सरकारको ढुकुटीबाट हुने खर्चका शीर्षक के ठीक छन् भन्ने विषयमा निर्णायक तहमा रहने जिम्मेवार सधैं चनाखो हुनुपर्छ । हचुवाका भरमा यदि राज्यको ढुकुटी खर्च गर्ने परिपाटी बस्यो भने खर्च गर्नुपर्ने ठाउँमा खर्च नगर्ने र खर्च नहुनुपर्ने शीर्षकमा यदि खर्च भयो भने त्यो कुशासनको लक्षण हो । तसर्थ निर्यण गर्ने सबै जिम्मेवारले के मेरो निर्णयले जनता र देशको अहित त हुँदैन भन्ने प्रश्न महत्वपूर्ण हुन्छ । नेपाल सरकारबाट वितरण हुँदै आएका विविध भत्तामध्ये ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्नेहरूको संख्या उल्लेख्य छ । भत्ताको ध्येय विपन्न ज्येष्ठ नागरिकलाई आर्थिक राहत दिने हो । उमेर ६८ पुग्ने बित्तिकै हचुवाको भरमा सबैलाई भत्ता दिने परिपाटी यसको ध्येयविपरीत हुन्छ ।

ज्येष्ठ नागरिक भत्ता के उमेरलाई मात्रै आधार मानेर दिने विषय ठीक हो ? यो भत्ताको आवश्यकता विपन्न ज्येष्ठ नागरिकलाई छ । तसर्थ सो भत्ताको दाबेदार विपन्न ज्येष्ठ नागरिकमात्रै हुनुपर्छ नकि सबै ज्येष्ठ नागरिक । ज्येष्ठ नागरिक भत्ता लिने योग्यता फगत उमेर पुगेका सबैलाई दिने कि सो उमेर समूहका विपन्न ज्येष्ठ नागरिकलाई मात्र दिने ? सामाजिक भत्ताका नाममा सम्पन्न ज्येष्ठ नागरिकलाई समेत भत्ता वितरण गर्नु सर्वथा गलत हो । भत्ता आर्थिक विपन्न ज्येष्ठ नागरिकले मात्रै पाउनुपर्ने हो नकि सबै ज्येष्ठ नागरिकले । तसर्थ आर्थिक रूपमा कमजोर ज्येष्ठ नागरिकहरूलाई मात्रै दिने हो भने यसलाई विपन्न ज्येष्ठ नागरिक भत्ता भन्ने नामकरण हुनुपर्छ । विपन्न ज्येष्ठ नागरिकको पहिचान गरेर ज्येष्ठ नागरिकलाई मात्रै सो भत्ता वितरण गर्ने व्यवस्था नहुँदासम्म सामाजिक न्याय कसरी हुन्छ ? यो भत्ता प्राप्त गर्ने आधार उमेरलाई मात्रै बनाउँदा सामाजिक न्यायको उपहास भएको छ । यो पद्धति नै गलत छ । त्यसलाई सच्याउनुको विकल्प छैन । व्यक्तिको उमेरका कारणमात्र भत्ताको दाबेदार बन्ने वर्तमान व्यवस्था खारेज हुनुपर्छ । ज्येष्ठ नागरिक भत्ता पाउन उसको उमेर ६८ र ऊ विपन्नसमेत हुन अनिवार्य हुनुपर्छ । यो सुविधा लिने व्यक्ति वृद्ध र विपन्न दुवै हुनुपर्छ । यदि उमेरलाई मात्रै आधार मान्ने हो भने त्यो उमेर समूहका सबैलाई किन नदिने ? लाखौं लाखको मासिक आम्दानी हुनेहरूलाई समेत उमेरको आधारमा ज्येष्ठ नागरिक भत्ता यदि दिने हो भने निवृत्तिभरणको सीमित आयले मात्रै कठिनाइका साथ एनकेन गुजारा गर्नेलाई ज्येष्ठ नागरिक भत्ता किन नदिने ? विदेशका सरकार वा विदेशी संस्थाबाट पेन्सन खानेले ज्येष्ठ नागरिक भत्ता बुझ्न गैरकानुनी नहुने तर नेपाल सरकार वा नेपालभित्रका अन्य संघसंस्थाबाट पेन्सन प्राप्त गर्नेहरू भने ज्येष्ठ नागरिक भत्ता लिन किन अयोग्य हुने ? विभेदको पनि हद हुन्छ । राष्ट्रको ढुकुटीबाट हुने जुनसुकै खर्चको औचित्य पुष्टि हुनुपर्छ । जहाँसम्म ज्येष्ठ नागरिक भत्ताको सबाल छ आर्थिक रूपमा विपन्न ज्येष्ठ नागरिकलाई मात्र दिनुपर्ने हो । उमेरलाई मात्रै आधार मानेर ज्येष्ठ नागरिक भत्ता दिँदा त्यो धनराशि न गाईको थुनमा न बाच्छाको मुखमा भन्ने उखान चरितार्थ भएको छ । भत्ताको लक्ष्य ज्येष्ठ नागरिकको सहारा सरकार बन्नुपर्छ भन्ने हो, सबै ज्येष्ठ नागरिकलाई समान दरमा भत्ता वितरण गर्ने भन्ने ? हाम्रो समाजमा नैतिकताको र इमानदारीको खडेरी राजनीतिमा मात्रै नभएर यत्रतत्र सर्वत्र छ भन्ने विषयलाई यो भत्ताले प्रमाणित गरेको छ । यहाँ सम्भ्रान्तसमेतले ज्येष्ठ नागरिक भत्ता बुझ्छन् । किनकि, ज्येष्ठ नागरिकहरूको सहारा बन्ने सरकारको लक्ष्य नराम्रो होइन । आर्थिक रूपमा असहाय अर्थात् विपन्न वर्गको अभिभावक सरकार हुनैपर्छ । तर, उमेरको मात्रै आधार हुँदा सम्पन्नको हातमा अधिकांश हिस्सा जान्छ । ढुकुटीबाट ज्येष्ठ नागरिकमा हुने खर्च, आर्थिक रूपमा विपन्न वृद्धमात्रै लाभग्राही हुनुपर्छ नकि सबै ज्येष्ठ नागरिक । हाम्रो समाजसँग इमानदारी र नैतिकता भएको भए मासिक लाखौंको आम्दानी हुनेसमेतले राज्यले विपन्न वृद्धको सहारा बन्ने उद्देश्यले वितरण हुने वृद्धभत्ता धनाढ्य वृद्धले लिनु नपर्ने तर यहाँ राज्यले वृद्ध तर आर्थिक रूपमा विपन्नलाई लक्षित गरेर वितरण गरेको वृद्धभत्ता म, हामी विपन्न होइनौं त्यसैले लिनु हुँदैन भन्ने नैतिकता र चेतना नदेखिनु लज्जास्पद विषय हो । मैले अष्ट्रेलिया भ्रमणको क्रममा ८०/९० वर्षका वृद्धहरूले सपिङमलमा काम गरेको देखें । केही वृद्धहरूसँग मेरो अन्तर सम्वाद पनि भयो । तपाईंको सरकारले वृद्धहरूलाई बसेर खान वृद्धभत्ता दिएको छ कि ? तपाईं यो उमेरमा पनि काम गर्नुहुन्छ भनेर सोध्दा एकजना वृद्धले के जवाफ दिए भने म अझै स्वस्थ छु । म काम गरेर आफ्नै कमाइमा बाँच्न सक्छु सरकारले दिने भत्ता मैले किन लिने ? मसँग आत्मनिर्भर हुनसक्ने शारीरिक सामर्थ्य छ भने किन परनिर्भर हुन्छु भन्ने उत्तर आयो । वृद्धभत्ता आर्थिक रूपमा अशक्तहरूका लागि हो जोसँग बाँच्ने अन्य उपाय छैनन् । हामीले ६८ वर्ष पुग्ने बित्तिकै देशका धनाढ्य वृद्धलाई समेत ज्येष्ठ नागरिक भत्ता वितरण गर्नु वृद्धभत्ताको धर्म र मर्मविपरीत छ । भत्ता जसलाई जीवन धान्न जरुरी छ त्यसले मात्र वृद्धभत्ता पाउनुपर्छ, सबै वृद्धले ।

सत्ता र शक्तिमा हुनेले जताभावी खर्च गर्न हुने, पुग्ने ज्येष्ठ नागरिकलाई सजिलोसँग जीवन धान्ने, औषधोपचार आदिको खर्चको समुचित व्यवस्था गर्न किन नपुग्ने ? सरकारले गर्दै आएको फजुल खर्चलाई कटौती गर्ने र सरकार यदि मितव्ययी हुने हो भने यस्ता लोककल्याणकारी शीर्षकमा खर्च गर्न किन पुग्दैन ? एकपटक राष्ट्रपति भयो भने उसको सबै खर्च राज्यले सधैं किन व्यहोर्ने ? यस्तोमा भएगरेका खर्च अब रोक्नुपर्छ । सत्तामा बस्नेले प्रयोग गर्ने सवारीसाधनको अन्धाधुन्ध खर्च कटौती गर्ने हो भने त्यसले विपन्न वर्गका सबै ज्येष्ठ नागरिकलाई आर्थिक राहत दिन सकिन्छ । राज्यले आँट र साहस गर्न किन सक्दैन ? देशको साधनस्रोतको चरम दुरुपयोग प्रदेशहरूको संरचनामा भएको छ । नेपाली भूगोलको र जनसंख्याको आकारको हिसाबले यदि हेर्ने हो भने प्रदेश संरचना एक प्रकारको अनावश्यक फजुल खर्च हो । राज्यलाई टाट उल्ट्याउने षड्यन्त्र हो । राजनीतिक कार्यकर्तालाई व्यवस्थापन गर्ने फटाहा र देशद्रोही रणनीति हो । प्रदेशको नाममा राज्यको स्रोतसाधनको दुरुपयोग गर्नु देशद्रोही काम हो । अनावश्यक संरचनालाई खारेज गर्न कांग्रेस, एमाले जस्ता जिम्मेवार पार्टीका नेताहरूमा सचेतना किन आउँदैन ? अनावश्यक खर्च गर्नसक्ने तर आवश्यक खर्च पुग्दैन र सक्दैनौं भन्नेले आवश्यक खर्च जुटाउन, फजुल खर्च बन्द गर्ने उपाय पत्ता लगाउनुपर्छ अन्यथा प्राप्त जिम्मेवारी छोड्नुपर्छ । पदीय जिम्मेवारी पूरा गर्ने आँट र क्षमता नहुनेलाई जिम्मेवार पदमा बस्ने नैतिक हक छैन । आरक्षण पनि जातीय आधारमा गर्ने कि वर्गीय आधारमा ? ज्येष्ठ नागरिक भत्ता, आरक्षण र समानुपातिक जस्ता वर्गीय उत्थान गर्ने विषय वर्ग केन्द्रीकृत नभएर पहुँचमा केन्द्रीकरण हुँदा राजनीति गर्नेहरू र निर्णायक तहमा हुनेले यसलाई आफू सत्तामा बस्ने र आफ्नालाई पोस्ने अस्त्र बनाएका छन् । विकृति सुधार्दैनौ भने वर्तमान राजनीतिका जिम्मेवार अब सक्किन्छौं । सक्किने र सुध्रने तिमीहरूकै हातमा छ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : शिक्षाको क्षेत्रमा पदोन्नतिको योग छ। कामको जग बसाल्ने समय रहेको छ।
**वृष** : सामूहिक कार्यको जिम्मेवारी एक्लै वहन गर्नुपर्ला ।
**मिथुन** : आलोचकहरू सक्रिय रहनेछन्। गुमाएको अवसर पुन : प्राप्त होला।
**कर्कट** : कार्यक्षेत्रमा कामको मेसो नमिल्दा व्यवहारमा पछाडि पर्नुहोला।
**सिंह** : स्वास्थ्यले साथ दिनेछ। विद्यार्थी वर्गहरूको पठनपाठनमा मन लाग्नेछ।
**कन्या** : दाम्पत्य जीवन सुमधुर रहनेछ। व्यापार व्यवसायमा सामान्य लाभ रहनेछ।
**तुला** : आफन्तहरूको सोचेजस्तो साथ सहयोग नमिल्ला।
**वृश्चिक** : प्रयत्न गर्दा अप्ठ्यारो कार्य सम्पादन गर्नमा सफल भइनेछ।
**धनु**: बच्चाहरूसँग मनोरंजनात्मक समय बित्नेछ।समाजमा प्रतिष्ठा बढ्नेछ।
**मकर** : विद्यार्थीहरूको बौद्धिक स्तरको विकास हुनेछ। पेशामा प्रभाव बढ्नेछ।
**कुम्भ** : प्रतिष्ठित कार्य गर्ने समय रहेको छ।अरुको लागि बुद्धि र श्रम खर्च गर्नुपर्ला।
**मीन** : कार्यक्षेत्रमा हजुरको कमजोरीको फाइदा उठाउनेछन्।

# साहित्य दर्पण

क्लासिक निबन्ध — कृष्णचन्द्रसिंह प्रधान

## मान्छेबिनाको देश

कृष्णे ! म यसै भनेर बोलाउँछु है, अन्यथा नसम्भेस्, भन्दिया छु । तँ-तिमीले सम्बोधित हुँदाको आनन्द बुभिस्, गंगा स्नानभन्दा निर्मल हुन्छ र अलौकिक । आहा ! यहाँ न देखावटी अश्लीलता छ, न एउटै देशलाई छुट्याउने युद्धको खत बोकेको कोरियाली प्यारालल । जसलाई योगीहरू ब्रह्मानन्द भन्छन् नि ! हो त्यस्तो, प्रपञ्चहरूबाट विमुक्त, एकदम निरापद र अद्वैत । यसलाई हामीभित्रको विच्छिन्न दूरस्थताको समाप्तिको घोषणा भन्छु । तँलाई थाहा होला, साथीहरूमा घनिष्ठता बढ्दै जाँदा, नजिकिँदै जाने हाम्रा सम्बन्धहरू र त्यस्तै गहिरिँदै चुलिने प्रेमको उत्सर्गमा, भन् तँ हामी कति पारदर्शी भइदिन्छौं ? त्यति बेला कौनै कुराको संकोच रहँदैन । हटलाइन सुरु हुन्छ । आडम्बर र आवरणका सिमानाहरू भत्किन्छन्, गोप्यता रहँदैन । नजिकिएर तँ-तिमीमा भन्छौं, एकदम निर्वस्त्र । तपाईं-हजुरले छुट्याएका दूरीहरू स्वत: मेटिन्छन् । मात्रै तँ हुन्छस्, तिमी हुन्छौ, मान्छे हुन्छ हामीहरूमाभ ।

व्याकरणले छुट्याएको यो विभेद देख्दा हाम्रो संस्कार, परम्परा नै भनूँ, आलोकतान्त्रिक रहेछ भन्ने निष्कर्षमा पुग्छु– खाँटी सामन्त लाग्यो । यसको शोधकार्य हुनुपर्छ । सानैदेखि यही बोल्न सिकाइयो–सिकेँ, घोक्न लगाइयो–घोकेँ । यसैबाट सञ्चालित नसाहरूमा दगुर्ने रगत, त्यसको छिर्काछिर्काले तरंगित हुने मुटु-मस्तिष्क अनि यसैबाट निर्मित संस्कारका हामी कहाँ प्रजातन्त्रवादी हुनसक्यौं, बातबातमा 'हजुर' 'आइस्योस्', 'खाइस्योस्', 'भनिस्योस्' शब्दहरूको भरी लागिरहेको देख्दा लक्ष्मीनिवास वा नारायणहिटी राजदरबारमै छौं कि भन्ने पो लाग्छ । व्याकरणका पाणिनीहरू पनि शाही सरकारका मन्त्रीले जस्तै हुकुम गर्छन् बोल्नेहरूलाई । 'फुट डालो, शासन करो' भनेभैं भाषाले पनि हामीलाई उच्च, उच्चमध्यम, मध्यम र निम्न वर्गजस्ता ठूला-साना वर्गहरूमा विभाजित गरी त्यहीअनुसार बोल्न लगाउँछ । त्यस्तै तालिम पाएको जिब्रो लाख कोसिस गर्दा पनि अहँ, मनाउन सकेको पनि होइन, कजाउन सकेको पनि होइन । हतपत्त अघि सर्छ र 'हजुर !' भन्दै यति लामो लेग्रो तानेर आफ्नो उपस्थितिको सन्देश दिइहाल्छ । तल्लो तह, सानो जात, उपेक्षित मान्छे, ठूलो वर्गका निम्ति भिन्ना-भिन्नै व्यवस्था गरिएको भाषा र त्यसका सर्वनाम हौं हामी । हामी वर्गविभक्त छौं । यसको संरचना गर्ने नेपाली व्याकरण हो । यो लोकतन्त्रमा अनुकूल छँदै छैन । जातमा अछूत र व्याकरणको तँ-तिमी एउटै श्रेणीका हुन् । दक्षिण अफ्रिकामा अंग्रेजको बेलामा गोरा कालाहरूका लागि हिँड्ने बाटा बेग्लै हुन्थे, पढ्ने स्कुल छुट्टै, खाने रेस्टुराँ-होटेल अलग्गै । त्यस्तै लाग्यो हाम्रो यो व्याकरण अर्थात् अंग्रेजको रंगभेदजस्तो । यो भाषा बोलेर बराबरीको सम्बन्ध जोर्नु त गाह्रै पर्ला । त्यसैले होला, देशमा पटक-पटक प्रजातन्त्र आए पनि टिक्न सकेन । टिक्नै दिइएन भनूँ । कहिले नजरबन्दमा पर्छ प्रजातन्त्र, कहिले खोसुवा पुर्जी पाउँछ यसले, कहिले अराष्ट्रिय तत्व भई देशै छाड्नुपर्यो । यसपल्ट सर्वनामहरू धेरै नजिकिएका छन् । मनमा डर पालेर भए पनि हात मिलाउँछौं । कसैका प्रति कोही ज्यानै दिने खालका छैनौं र पनि साथ दिन्छौं, साथ लिएका छौं । अहिले हामी तँ-तिमीमा एकाकार हुँदै छौं विलीन हुँदै गइरहेका छौं, यस्तो लागिरहेछ । सामाजिक विभेदजस्तो यो व्याकरणिक सामन्ती प्रथा पनि रहनु हुँदैन । नियत र व्यवहारले भने खुलस्त छैनौं । अन्योलमा सृष्टि हुने विभ्रम बाँचेर शंकालु हुन विवश छौं । यो विवशता केही तँमा होला, केही ममा । निरापद कोही छैनौं, निर्दोष पनि छैनौं, नि:शंक पनि भएनौं । कसैका प्रति इमानदार नभएको परिप्रेक्ष्यमा ज-जसलाई विश्वास गरेर अघि लाग्छौं, आफैं पाखा लाग्नु परेको दृष्टान्तले त्रस्त मानसिकता व्यक्तिगत थिएन । यहाँ राजनीतिक, सामाजिक, आर्थिक, व्यावसायिक, देशीय, अन्तरदेशीय, व्यक्तिगत, सार्वजनिक सबैसित गाँसिएको घटना तटस्थ र निरपेक्षित नरहेको यथार्थप्रति इमानदार गुनासो सार्वजनिक भइसकेका छन् ।

कोही आफ्नो नभएजस्तै यहाँ कोही पराई छैन । 'हिजो' त हाम्रो भएन, 'भोलि' पनि आफ्नो नहुने डरले त्यतिकै चिन्तित र आतंकित छौं हामी । वर्तमान त भन् एक्लौटी बनाउने कोसिसमा लाग्नेहरूको दाउपेचजस्तो छ– समर्पित हुनेहरूको खेर गइरहेको आन्दोलनजस्तो पनि, ज्यान दिनेहरूको पछुतो लाग्ने क्रान्तिजस्तो पनि । संकट भने हएएक यामको मौसमी सागसब्जीजस्तो छ । मृत्युलाई तँ के भन्छस्, यो तैँले सोच्ने कुरा हो । अस्थिरता आफैँमा मृत्यु होइन । ठूलो परिवर्तनको सम्भाव्यता रहेको संक्रमणलाई जनाउने द्वन्द्व, द्वन्द्वभित्रको द्वन्द्व तीव्र, तीक्ष्ण, प्रखर । नपत्याउनेहरू जेमा पनि मृत्यु देख्छन् । मृत्यु त अकर्मण्यता होइन र ? रवीन्द्रनाथले यसलाई थकाइसँग गाँसेका छन् । खुसीको कुरा हो यो, थकाइ कसैमा देखिन्नँ । कसैलाई यो रोगले छोएको छैन । आन्दोलन-२ का योद्धाहरूमा पनि देखिन्नँ, आन्दोलनमा लाग्दै नलागेकाहरूमा पनि देखिन्नँ । जनआन्दोलन सकिएको यत्रो दिन बितिसक्दा पनि थामिने नामै लिँदैन । सडक मानिसमा होइन, जुलुसमा हिँडेको हिँड्यै छ । आकाश मेघमा होइन, नारामा थर्केको थर्क्यै छ । सिंहदरबार राज्य गर्नेहरूको थलो होइन, धर्ना बस्नेहरूको मन्दिर भइसकेछ । अरू देशहरू बाढी र समुद्री आँधीबेहरीले लथालिंग छन्, हामी भने आमरण अनशन, धर्ना, जुलुस, अपहरण, सडकजामजस्ता राजनीतिक रिटा, क्याट्रिना, आँधीले अस्तव्यस्त छौं र आन्दोलित छौं । सबै क्रान्तिकारी भन्ठानेको होइन रहेछ । राजनीतिमा लाग्दै नलागेकाहरू पनि आन्दोलनरत छन् । माग पूरा गराउने उपयुक्त अवसर यही ठानेर होला, सम्पूर्ण पेसाकर्मी, जातजाति, दलित वर्ग, कर्मचारी, सीटीभीटी, नागरिक समाज, माओ समर्थक, माओपीडित, राजा समर्थक, राजापीडितहरू एकैबाजि लयबद्ध हुन्छन् । उनीहरूको मार्चपासले सरकार हल्लिन थाल्छ । विद्यार्थीहरूको कुरै नगरूँ । दलहरू लोकतन्त्र ल्याउने नै भए । यति चर्को पहरा दिँदा पनि त मन्त्री, प्रधानमन्त्री, नेताहरू खस्याक्खुसुक-सुट्याकसुटुक के-के गर्छन् गर्छन् । कसको भरोसा छ र ? अगुल्टोले पोलेको कुकुर के भनेजस्तो शंका गर्ने नै भयो । मालिक हुनेहरूलाई मौका गुम्ने डर, अर्कोतिर लोकतन्त्र नै जोखिममा पर्ने आशंका । अप्ठ्यारो हुन के बेर ? यति ठूलो जागरण छ देशमा । मनहरू पहरा दिन्छन् । ज्यान दिनेहरू लामबद्ध छन् । आकाशभैं व्याप्त हाम्रो हंस रातभरि सुराकी गरिरहन्छ । तँ थकाइको कुरा गर्छन्, मृत्युको कुरा गर्छस् ? त्यस्तो दिन थियो हाम्रो आकाशमा पनि । लास भई बाँचेकाहरूको भिडमा मृत्युले त्यस बेला निकै छोपेको थियो, खुट्टा भए पनि हिँड्दैनथ्यो । मुख थियो बोल्न सक्तैन । भित्ताले सुन्ला भनी भागीभागी हिँड्ने मानिस थिए । देख्ला कि भनेर देख्दै नदेखे पनि देखिरहेको देख्ने आँखा थिए ।

त्यस्तो मृत्यु बोकेर हिँड्थ्यौं, मृत्यु ओढेर सुत्थ्यौं, मृत्युसँगसँगै बिउँभन्थ्यौं । ती दिनहरू मृत्युवत् थिए र भयावह लाग्नुपथ्र्यो, तर लागेन । मरिसकेकाहरूलाई केको मर्ने डर हुन्छ ? त्यसैले हिँड्ने खुट्टाले पनि यो अनुभव गर्नु परेन, सोच्ने मनले पनि, हेर्ने आँखा, सुन्ने कान, जिउने रहर र बाँच्ने चेत कसैको पनि, किनभने ती सबै मरिसकेका थिए । इतिहासमा त्यस्तो मृत्यु पटक-पटक आएको थियो । व्यक्तिगत रूपमा कोही बाँचेनन् भन्दिनँ । तर, सामूहिक मृत्यु थियो दुर्घटनाजस्तो एक विपद् । आत्महत्यालाई जनाउने अकर्मण्य मृत्यु पनि सायद यस्तै हुन्छ । नचाहेरै स्वीकार्नुपर्ने । फेरि, यही मृत्यु मर्ने डरले होला, कसरी भयभीत छन् आजकाहरू ! निदाउनै छाडेर जागा छन् । सडक-सडकमा, फुटपाथमा, चोक, चउर, बस्ती, पहाड, गल्ली फाँटहरूमा पनि, घाममा पनि, पानीमा पनि ।

एउटा मृत्युको डरले अर्को मृत्युसँग लाप्पा खेल्ने साहसिकतालाई यसले सम्बोधन गर्छ । साथै तँ तैँ भएर, त्यो त्यै भएर, ऊ उही भएर, म मै भएर हल्ला गर्नेहरूको प्रदूषणले विथोलिएको वातावरण कति सन्दिग्ध छ र अराजक ? विभेदका सर्वनामले सम्बोधित भई सम्मानित-अपमानित हुन नचाहने संस्कारका हामी रहेनछौं । त्यसैले यस्तो व्याकरण बनायौं । आफ्नै गाह्रोसाह्रोमा देशलाई अल्भाइराख्न नचाहने पनि होइन रहेछौं । त्यसैले आफ्नो हत्केलाको रेखासँग मिल्दो भई देश चलाइरहयौं । मानिसले देख्ने गरेको सपनाजस्तो उसको देश पनि भएन । देशले सोचेको परिकल्पनाको मानिसजस्तो उसका सन्तान पनि भएनछन् अर्थात् तँ पनि भइनस्, म पनि भइनछु । मानिस र देशबीच सधैं एउटा तनाव छ । एउटा अर्कोबिना अस्तित्वहीन ठान्छ आफूलाई र बाँच्नै पनि सक्दैन । दुवैले दुवैलाई गाँजेर राख्ने अधीनताको मात छ उनीहरूमा र एक अर्कोमा भर परेर पनि दुवैले दुवैलाई धोका दिने गरेका छन् । देशको नाममा मानिसले देशलाई ठग्ने गर्छन् । जनताको नाममा देशले मानिसको बलि खोजिरहन्छ । यति हो, मानिसको बलिदानमा देशले स्वतन्त्रता गुमाउनु परेन । यति हो, देशको स्वतन्त्रतामा मानिसले बिनाराष्ट्रियता बाँच्नु परेन । यसैलाई उपलब्धि मानेर वञ्चित मनुष्यताका हामी मानिसहरू, तँ-तिमी, तपाईं-हजुरमा मात्रै नभई मानिसै देश हुन कहिले सक्नेछौं होला ?

-साहित्यपोष्ट डटकम

---

संस्मरण/स्मृति — विमल गिरी

# मेरो सुदूर विस्मृतिका बिम्बमा 'रागे बिजुवा'

हाम्रो मानसपटलमा कहिल्यै नमेटिने ढुङ्गाका अक्षरजस्ता अमिट रहन्छन् अविस्मरणिय हुन्छन् । तिनै अविस्मरणिय व्यक्तिमध्ये मेरो स्मृति बिम्बमा सधैँ रहिरहने व्यक्ति हुनुहुन्छ प्रतिभाका धनी, ''तान्त्रिक रागे बिजुवा'' । जब सम्भन्छु ती दिन,मेरा आँखा भरिन्छन् । मलाई मेरो जीवनको स्मृतिमा आइरहने यस्ता थुप्रै घटनाहरू छन् । जसले मलाई बेलाबेला आएर अत्यन्तै सम्वेदनशील बनाइदिन्छन् । जीवनको उत्तरार्धमा, जब म हाम्रा पुराना दिनहरूको सम्भना गर्छु, 'रागे विजुवा' मेरो स्मृतिपटलमा एक अविस्मरणिय रूपमा अंकित छ । यो नाम न केवल मेरो विगतको स्मृतिको प्रतीक हो, बरु नेपाली समाजका विभिन्न आयामहरूको जीवन्त चीत्र हो । विक्रम संवत् २०३२ सालतिरको कुरा हो । माघ महिनाको याम । हाम्रो कर्मथलो दोभाने, सालेवा,हालको ''साल्पासिलिछो''-६ । जाडो छल्न (अउल) बेसीमा गाई र भैंसीलाई स्थानान्तरण गर्ने बेला । गोठ टहरो बनाएर बस्ने परम्परा थियो । पहाडका दृश्यहरूलाई आँखाले भ्याएसम्म नियाल्दै, ठूलो चौतारा पार गर्दै, सानो चौतारा र देउराली मुन्तिरको जङ्गलको बाटो । तल साल्पा खोला र थुम्लुङ्ग खोलाको दोभान । नजिकै जोरखोला सुसाइरहेको थियो । पारीपट्टि लिम्खिम, दाङ्गमायाको दृश्य र खोलाको तिरमा मितबाउ मचिन्द्रबहादुर राइका उर्वर बारीहरू थिए, नाम थियो बडका । डाले घासका अत्यन्तै उर्वर भूमि । जोर खोलाको तिरैमा अवस्थित । ठूला ठूला पाचपाते, टाकी, खन्ने, कोइराला र थुप्रै डालेघासको रुखहरू बारीमा फैलिएका थिए । खोला तरेर अलिक पर पारीपट्टिका अजङ्का नागदहका भिर र वारी बेसीको दृश्यहरू पनि रमाइला थिए । यी स्थानहरू घास राख्ने ठाउँ र ठूला ठूला ढुङ्गाले घेरिएका थिए । परालको माच, डाडाभाटा बलो, धुरीखावा गाडेर भकारीको छानो ओडाएर स्याउलाको बारले घेरिएको भित्ता, र त्यहाँ उनिउ ओछ्याइएको सुत्ने ठाउँ ।

माघको छोटो दिन । तल नदीको अविच्छिन्न प्रवाह । भरना, खोल्सा, बाटो, यात्री, सुन्दर प्रकृतिलाई हेर्न भरिया, पथप्रदर्शक,विश्वको सर्वोच्च शिखर सगरमाथा आधा शिविर पदयात्राका लागि ब्याग्खुवा र जोरखोलाको दोभान 'गोथेबजार' हुँदै लन्खुवा, नागदह, दोभाने, मातेल, सानो फेदीहुँदै अनौठो प्राकृतिक भू-धरातल पावन भूमि साल्पा पोखरी हुँदै जाने बाटो । आन्तरिक व्यवस्थापन मिलाएर पूर्णिमाको दिन गोथेबजारका लागि दुइतिन दिनलाई पुग्ने पर्याप्त घासको जोहो गरेर बजार जानलाई हतार थियो हामीलाई । पारी अजङ्गको ''नागदह'' भिर (यो भिरको नाम कसरि रहन गयो लामो किम्वदन्ति छ) जुन नागदहको भिरमा थुप्रै जनवरहरुको वासस्थान घर थियो, जनावरको ''घर'' भनेको त्यो आवास हो जहाँ उनीहरू बस्छन्, खाना खोज्छन्, प्रजनन गर्छन् र सुरक्षित रहन्छन् । जहा विभिन्न जातजातिका बाँदरहरुकोथ्याई मुकाम पनि थियो । सूर्यले आफ्नो दिप्त ज्योति फिँजाई सकेका थिए पृथ्वीमा । अप्ठ्यारो बाटो, पहाडमै जन्मेर हुर्केका हामी । सानैदेखि मार्गदर्शक र मलाई मायालु संरक्षकत्व दिनुभएको थियो पल्लाघरे दाजु दुर्गा गिरीले । दाजु दुर्गा गिरी र भाई नर बहादुर भारती, हामी गोठालो । भाई सानै थियो । दाजु मधेसतिर । बुवा आमा गाउँमा । दिनभरि चरेर जोभाने । भकाभरि हुन्ये साना बाछा पाडा । दुइदिनलाई पुग्ने माचभरि घास थुपारेर गोठको तगारो लगाउँर जानुथ्यो गोथेबजार । सिरूपाते खुकुरी उत्पादन हुने भोजपुर जिल्ला भौगोलिक विविधतताले भरिएको रुद्राक्षको खेती उब्जाउ भूमि । अरुणपारी संखुवासभा जिल्ला वारी भोजपुर । विविध जनजातिले बसोबास गरेको यो जिल्लामा राई जातिहरूको उल्लेख्य बसोबास छ । अन्य मुख्य जातिहरूमा क्षेत्री, ब्राह्मण, मगर, नेवार, तामाङ, शेर्पा, लिम्बु आदि पर्दछन । जहाँ अवस्थित गोथेबजार एउटा किम्वदन्ती, पहाडी जिल्ला भोजपुर उत्तरी क्षेत्रकै हरेक हप्तालागने दिङ्गला बजार,चौकीडाँडा, कुलुङ र बर्षको एकदिनमात्र लाग्ने,त्यो क्षेत्रकै ठुलो बजार ''गोथेबजारलाई'' लिन सकिन्छ । जहाँ प्रकृतिको माधुर्यतामा,दिदीबहिनी, दाजुभाइ, इष्टमित्र, नातेदार र सोल्टी सोल्टीनीहरुसंगको भेटघाट । लिम्बूनी आमा, दिदीहरुले लगाउँको शिरमा शिरबन्दी, खुर्पेजून, नाकमा चुच्चे बुलाकी र ढिके फुली, कानमा च्याप्टे सुन, गलामा कण्ठ र चाँदीको रेजी । मखमलको चोलो र छिटको साडी वा लुङ्गी र एक काँधमा मिलाएर ओडिएका टाटनको बर्की (मजेत्रो) । त्यसो त पुरुषहरु पनि दौरा, सुरुवाल, ढाका टोपी, इष्टकोट गलबन्दीमा सजिएका हुन्थे । एकापसमा हाकपारे र जुहारी गीत गाउँदै कतिको त धान नाच्दा नाच्दै घरजम बसाउने माध्यम समेत हुन्थ्यो । पहाडी बजार जहाँ अनेकन उर्वर भूमिमा उत्पादन गरिएका कन्दमूलहरु र थुप्रै घरायसी चिजबिजले धुमधाम सजिसजाउ गरिएका हुन्थे ।

जहाँ बजारभर्नलाई खानपिन गरिओरि घाँस काट्न तत्यौ जोरखोला । अप्ठ्यारो बाटो । सङ्गैजाने दाजुभाइको नाम माथिनै उल्लेख गरेको छु । घास काट्न लिम्खिम र खाटाङ्माको घना जङ्गलतिर एक्लाएक्लै गयौँ । एक्लै गएको परिणाम नारम्रो भयो । दाजुकता भाइकता र म कता । अजङ्गको ''नागदहको भिर'' बाट डालेघास काट्नेक्रममा म लडे । फिट इन्च र मिटरका कुरा नगरौं । कति उचाइको नागदहको भिर थियो भनेर । भरिकछु तल । जहाँ छडके पारेर काटिएका घुग्रिङ्गका ठुटा, जोरखोलाका बगर । खोलाका तीर । नजिकै सिस्नुको बुट्यान । मज्जाले माढेछु हरियो सिस्नुको बुट्यानलाई उठेर पिएछु जोरखोलाका पानी । मुन्यु (एकप्रकारको माछालाई भुक्याएर मार्ने गाउँघरका कला) जुन बल्छिजस्तै हुन्छ । बल्छिको हुक हुन्छभने मुन्युको सानो डोरीबाट सुकनिमा चारो राकेर बनाइएको हुन्छ जुन कलाले माछालाई भुक्याएर मारिन्छ । मुन्यु खेल्दै आउछन खाटाङ्मा निवासी तान्त्रिक ''रागे बिजुवा'' देख्छन् बगरमा छट्पटिरहेका लाठे मनुवा (मैले पछि अरुले भनेको सुनेको) रगताम्मे छ । हतारहतार कम्मरको दापबाट चक्मक निकाल्छन । रगेट्छन दस्लिङ्ढुङ्गा र भुलोमा । च्यात्छन पटुका र बाल्छन आगो । समय एकनासले बगिरहेको थियो जोरखोलासँगै । सिमेभुमे, खोलानाला, संसारी बुढेनी फलाक्दै, जप्छन तन्त्रमन्त्र । जसको सहयोगले मलाई बाँच्न सिकायो । दुखाइले छट्पटिँदै गर्दा छेवैमा बगिरहेको जोरखोलाको सुसाइलाई मैले निकै कम सुनिरहेको थिए । त्यो क्षणको मेरो कारुणिक सुस्केरा बेलुकीको चिसो हावामा समाहित भए र यो सम्भना अत्यन्तै घातक बन्यो । सबै थाहा पाएर ओरपर वारीपारीबाट गोठालाहरु आए । कति बगे रगत, अहिले वर्णन नगरौं । पिठ्युमा बोकेर दुर्गा दाजुले खोला तार्नुभो । अचेत छु म । रुवाबासी छ । साँभ ढल्किसकेको थियो । चिन्तितछन सबै के हुनेहोनि भनेर । सबैले थाहा पाए । बुवाको मित बहिनी लङ्वा कोलेलीको काइली फुपूले तिनपाने रक्सी र काँचो अन्डा ख्वाउदा दुखाइ कम हुन्छ र छिट्टै निको हुन्छ भनेर ख्वाउनुभो । हतारहतार डोली फिक्याइयो गाउँबाट । मर्ने बाच्ने ठेगाना छैन । ऐया र आथ्याको चित्कारसँगै हालियो डोलीमा । अन्धकार बाक्लिँदै थियो । तर्दै खोला घुम्ति र देउराली हुँदै चढाए उकालो । पुगियो सालेवा । घर पुग्दा भण्डै रातको दश नै बजिसकेको हुँदो हो । गाउँमा एकैछिनमा खबर फैलियो । मृत शरीरभैं मभेरीमा लडाइएको छु । होहल्लामा कुराकानी सुनिरहेको थिएँ । एकजनाले भन्दैथे, एकोहोरो शंख बज्नेभो भोलि । राती मलाई रुङ्न डकर्मी तिवारी मालदाइ बाहेक अरु कोहि आएनन । सायद पल्लाघरे दाजुहरु पनि थकाईले आउनु भएन र केटोको मृत्यु हुन्छ र अप्ठ्यारोमा परिन्छ भनेर पनि होला । रातभरि निदाउन सकिनँ । भयावह काल्पनिक चिन्तामा डुब्दै बुवाको छातीमै रात छर्लङ्ग भयो ।आफन्तको रुवाबासी । मान्छे हुँदैन भन्छु देख्नेहरु । यस्तै तनावमा रात बित्यो । त्योबेला न अस्पताल, न डक्टर,न नर्स, न स्ट्रेचर न आईसीयु न जेनेरल वार्ड । यी सबै कुराबाट टाढा थियो गाउँ । जड्डी भारपात मुख्य ओखती थियो उबेला । खाइलाग्दो केटो ठुला गिरीको माइलो भिरबाट लड्योअरे भनेको आवाज कानमा पर्दा कसको आँखा रसाएका थिएनन् र उबेला । वारीपारी इष्टमित्रका सहयोगले ठुलो ओखती र अनेकन वनजङ्गलका भार लहराले म बिसेक भए । भण्डै अपाङ्गता ब्यहोर्नु परेको थियो मैले तर मेरा स्वर्गिय बुवाआमाले रातदिन नभनि छातीभरि टासेर राख्नुभो, डोरीको भरले दुई महिना पछि उठ्नसक्ने बनाउनुभो । १७ बर्षको उमेरमै गन्तब्यमा पुग्न बाँकी छँदै भण्डै अवसान भएको म । जीवन र मरणको बीचको द्वन्द्वमा बाचिरहदा त्यो रात र त्यो दुखाइ मेरो मस्तिष्कमा जीवनभर सम्भनाको रुपमा राखेको छु । सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको, मैले बुबा र आमाको माया र आफन्तहरुको आशीर्वादले म बाँच्न सफल भए । जसको मायाले मलाई मेरो जीवनको यो कठोर यात्रा पार गर्न मद्दत पुर्यायो । उहाहरुको अपार माया र भरोसामा मैले आफूलाई बचाएको छु (अहिले हुनुहुन्न, मेरो बुवा र मेरी आमाले यो धर्ती छोड्नु भएको पनि थुप्रै भयो ) त्यो समय पहाडका दृश्यहरु र अजङ्को भिर मेरो आँखामा अभै स्पष्ट छन्, जहाँ खुला आकाश र हावाका लहरहरूसँगै अहिले पनि डरलाग्दो यात्रा गरिरहेको जस्तो महसुस हुन्छ र भस्ङ्ग हुन्छु सम्भदा ।

"Men must endure
Their going hence, even as their coming hither .
Ripeness is all"
- William Shakespeare, King Lear

मानिसले जगतबाट बहिर्गमनलाई त्यसैगरी सहनु पर्दछ जसरी आगमनलाई । यस्तै यस्तै थुप्रै विद्वानले लेख्नु भएका हजारौं पेजहरु पढ्दै अन्तर्मनका कुराहरु सबै नखोलि हितकारी कुराहरु गर्दै रहरलाग्दो रोज्जा जिन्दगीलाई अनेकन हुँन्डरि सहदै, उकाली ओराली हिड्दै, घस्रिदै,घिस्याउदै यसै गर्दैगर्दै यो मोडमा आइपुगेको छु । सेसिल रोड्सले मर्ने बेलामा भनेका थिए, यति मात्र गरियो, कत्ति धेरै बाँकी रहयो (so little done, so much to do) हुन पनि हो ढल्कदो उमेरसँगै के गर्न सकिन्छ र । ज्ञान, विज्ञान र विवेकको त्रिवेणी जीवन आज हेर्दाहेर्दै जीवनको स्पीड लिमिट कमहुँदै गैरहेको अवस्थामा गोरुगाडीदेखि टेस्लासम्म आईपुग्दा रुखबिरुवा, बुट्यान, खेतबारी र पानी पधेरोसित मूक संवाद गर्दै किशोर र यौवनमय उमेर पर्त नपाई आएको यौवनका पारिला घामहरुमा त्यसै बेगिरहेकाछन । सोचिरहेको छु । त्यो संघर्ष भनेको केवल मेरो मात्र होइन, हामी सबैको साभा कथा हो । यो कथा हाम्रो साहस, आशा र संघर्ष को कथा हो जसले हाम्रो जीवनलाई अर्थ दिन्छ । यस संसारमा हरेक व्यक्ति, हरेक जीवन एक संघर्ष हो, र त्यस संघर्षलाई सम्भनाले मात्र हामीलाई वास्तविक बाँच्ने उत्साह दिन्छ । ति दिनका सपना र आशा अहिले पनि जोरखोलासँगै बहिरहेछन् ।

-समकालिन साहित्य डटकम



निस्दी गाउँपालिकाको गल्धास्थित महिला कृषि सहकारीबाट उत्पादित कृषि उपजको ग्रेडिङ गर्दै महिला सदस्यहरु ।
**तस्वीर : प्रकाश नेपाल/एनजेडी**

# सिन्धुपाल्चोक भूकम्प...

...यस्तै कोदारीमा रहेको इलाका प्रहरी कार्यालयको भित्ता चर्किएको पनि प्रमुख जिल्ला अधिकारी थापाले उज्यालोलाई जानकारी दिए ।

यस्तै एक ठाउँमा सुक्खा पहिरो झरे पनि प्रहरीले बिहानै पन्छाइसकेको छ । यसबाहेक अरु क्षतिकोबारे जानकारी नआएको र बुझ्ने काम भइरहेको उनले बताए । यसअघि गएको पुस ५ गते बाजुरा केन्द्रबिन्दु भएर ५.२ म्याग्निच्युडको भूकम्प गएको थियो । त्यसपछि पनि चार म्याग्निच्युडभन्दा माथिका एक दर्जन हाराहारीमा भूकम्प गइसकेका केन्द्रले जनाएको छ ।

# बालविवाहका कार्यक्रम...

...सबै भन्दा बढी किशोरी आमा बनेको निस्दी गाउँपालिकाले २०७९ भदौदेखि ७ वटै वडामा विभिन्न बालमैत्री कार्यक्रम चलाएको छ । त्यसका लागि अहिलेसम्म ८७ लाख रकम खर्चि सकेको छ । बालविवाह केही मात्रामा घटे पनि रोकिएको छैन । 'हामीले जुन अठोट गरेका थियौं त्यसको प्रतिफल प्राप्त भएको छ,' गाउँपालिका अध्यक्ष मुक्तबहादुर सारुले भने ।

अघिल्लो आर्थिक वर्ष पालिकाका ७ वटा वडाबाट बालविवाह गर्ने ७ जोडीलाई फिर्ता गरिएको थियो । यहाँ मागी भन्दा भागी विवाह बढी गर्ने प्रचलन छ । रामपुर नगरपालिकालाई २०८३ मंसिरभित्र बालमैत्री घोषणा गर्ने तयारी छ । यससँग सम्बन्धित कार्यक्रमका लागि पालिकाले अहिलेसम्ममा २५ लाख रुपैयाँ रकम खर्च गरिसकेको छ । माथागढी गाउँपालिकामा बालविवाह चुनौतीको रुपमा रहेको छ । यहाँ पनि सानै उमेरमा छोरीहरुलाई अर्काको घरमा पठाइदिने परम्पराले गर्दा यसो भएको हो । तिनाउ गाउँपालिकामा पनि बालविवाह पहिलेदेखि नै हुँदै आएको देखिन्छ । पालिकाले आगामी २०८३ भित्र बालमैत्री पालिका घोषणा गर्ने गरी कार्यक्रम अगाडि बढाएको छ । उसले कार्यक्रमका लागि १ करोड १२ लाख २० हजार रुपैयाँको खर्च अनुमान गरेको छ । तानसेन नगरपालिकाले पनि बालबालिकाको क्षेत्रमा लाखौं रकम खर्च गरे पनि बालविवाह रोक्न सकेको छैन । यहाँका ग्रामीण क्षेत्रमा अझैपनि बालविवाह कायमै छ । रैनादेवी छहरा गाउँपालिकाभित्र पनि बालविवाह हुने गरेको छ । यो अवस्थालाई गाउँपालिकाले नियन्त्रण गर्नतर्फ ध्यान नै दिएको छैन । यहाँ जनजाति, दलित, ब्राह्मण, क्षेत्रीको बसोबास छ । जनजाति, दलित समुदायभित्र करीब ४० प्रतिशत उमेर नपुग्दै विवाह बन्धनमा बाँधिने गरेको गाउँपालिकाले जनाएको छ । बालविवाह अन्त्यगर्नका लागि रिब्दीकोट गाउँपालिकाले खासै चासो देखाएको छैन । केही वर्षअघि उमेर नपुग्दै विवाह भएका करीब सात जोडीलाई भने अभिभावकको आग्रहमा छुटाएको थियो ।

पूर्वखोला गाउँपालिकामा बालविवाहको अवस्था अत्यन्त चुनौतिपूर्ण रहे पनि त्यसलाई घटाउन सकिएको छैन । पालिका अध्यक्ष नुनबहादुर थापाले विगतदेखि नै बालविवाहले जरा गाडेकाले त्यसलाई घटाउन चुनौति रहेको बताए । यहाँ करिव ८० प्रतिशत मगर समुदायका नागरिकको बसोबास छ । मगर समुदायमा छिटै विवाह गर्ने पुरानो परम्परा अझैपनि हट्न नसक्दा बालविवाह न्यूनिकरणमा अप्ठ्यारो परेको अध्यक्ष थापा स्वीकार्छन् । परिपक्व नहुँदै विवाह गरेका किशोरकिशोरीको जीवन कष्टकर बन्न थालेको छ ।

निस्दीको सरस्वती माविका प्रधानाध्यापक प्रदीप अर्यालले समाजले कम उमेरमा हुने विवाहलाई सहजै मान्यता दिंदा समस्या भइरहेको बताए । 'किशोरीले विवाहको जिम्मेवारी बोकेर कसरी पढ्न सक्छन्, पढाइ निरन्तर नुहँदा बीचैमा छोड्छन्, विवाहबाटै उनीहरुको जीवन बर्बाद हुन्छ', उनी भन्छन्, 'नियमित विद्यालयमा हुने कार्यक्रममा बालविवाहविरुद्ध भएको व्यवस्थाबारे जानकारी दिन्छौं, तर रोक्न सकिएको छैन ।' बालविवाह कानुनीरूपमा अपराध भएकाले सरकारी र गैरसकारी तवरबाट जनचेतना जगाउने विभिन्न कार्यक्रम गरिए पनि रोक्न सकिएको छैन । अधिवक्ता शिवप्रसाद देवकोटा जिल्लामा आउने अधिकांश मुद्दामा बालविवाह पनि रहेको बताए । उनले बालबालिकामा स्वास्थ्य समस्या, मानसिक समस्या, आर्थिक समस्या निम्तिने भएकाले यसलाई रोक्नु सबैको दायित्व भएको बताए । बालविवाह र कलिलैमा गर्भवती हुने समस्या अन्त्य गनुपर्नेमा उनको जोड छ । कम उमेरमा विवाह गर्दा पुण्य प्राप्त हुन्छ भन्ने अन्धविश्वास, गरिबी तथा विभेद, कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्नुजस्ता कारण बालविवाह हुने गरेको छ ।

बालविवाहका कारण शारीरिक, मानसिक रोगको शिकार, घरेलु हिंसा तथा विभेदमा वृद्धि, कम उमेरमा बच्चा जन्माउँदा आमा र शिशु दुवैको मृत्यु हुने खतरा, विवाहपछि पढाइ बिग्रनेजस्ता समस्या देखिएको छ । बालविवाह परम्परागत संस्कृति र जातीय व्यवस्थासँगै जोडिएको विषय भएकाले त्यस्ता कुसंस्कार र जातीय व्यवस्थालाई बदल्ने, छोरीको सशक्तीकरण गर्ने, समुदायसँग नजिक स्थानीय सरकार रहन्छ, उसले बालविवाहविरुद्ध अभियान सञ्चालन गर्ने, बालविवाह गर्ने गराउनेलाई सामाजिक बहिष्कार गर्नुपर्ने आवाज उठ्न थालेको छ ।

## खेलकुद समाचार

### एक्स्ट्राटेक ओभल मैदानमा फ्लडलाइटको परीक्षण सम्पन्न



**काठमाडौं,** फागुन १६/रुपन्देहीको एक्स्ट्राटेक ओभल मैदानमा जडान भएको फ्लडलाइटको परीक्षण सम्पन्न भएको छ । शुक्रबारराति पाँच वटै फ्लडलाइटको परीक्षण गरिएको हो ।

निजी क्षेत्रको पहलमा तिलोत्तमामा बनेको क्रिकेट मैदान प्राविधिक पक्षहरू सुधार गरेसँगै केही दिनभित्रै परीक्षण सम्पन्न गर्ने तयारी भएको प्रबन्ध निर्देशक विनोद कुँवरले जानकारी दिए । ७ करोड रुपैयाँभन्दा बढी खर्च गरी फ्लडलाइट जडान गरिएको हो । निजी क्षेत्रले बनाउने काम गरे पनि स्टेडियम सरकारकै सम्पत्ति भएको उनको भनाइ छ । डेढ वर्षअघि मैदान बनाउन शुरू भएको थियो । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) को मापदण्ड अनुसार आवश्यक कामहरू पूरा गरेको प्रबन्ध निर्देशक कुँवरले बताए । उनका अनुसार भीआईपी बिल्डिङ निर्माणाधीन रहेको र तेस्रो तलासम्मको ढलान सम्पन्न भइसकेको छ । प्यारापिट बनाउने काम बाँकी छ । यही फागुन २५ गतेदेखि शुरू हुने प्रधानमन्त्री कप क्रिकेटका ४६ मध्ये १५ खेल यही मैदानमा हुँदैछन् । प्रधानमन्त्री कपका लागि मैदानमा आवश्यक काम भइरहेको छ । अहिलेसम्म मैदानमा जग्गाबाहेक २५ करोड रुपैयाँभन्दा धेरै खर्च भइसकेको कुँवरले बताए ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेशनल लाईफले मनायो ३८ औं वार्षिकोत्सव



**पाल्पा,** फागुन १६/नेशनल लाइफ इन्स्यारेन्स कम्पनीले आफ्नो ३८ औं वार्षिकोत्सव समारोह सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रम गरी मनाए गरेको छ ।

वार्षिकोत्सवको अवसरमा कम्पनीका देशैभर रहेका प्रदेश तथा शाखा कार्यालयहरूले पनि विभिन्न कार्यक्रम गरेका छन् । अन्तर कर्मचारी खेलकुद प्रतियोगिताअन्तर्गत पुरुष तर्फ क्रिकेट, पुरुष तथा महिलातर्फ फुटसल, ब्याडमिण्टन र बुद्धिचालजस्ता विभिन्न प्रकारका खेल प्रतियोगिता आयोजना गरिएको थियो । कर्मचारीहरुलाई आन्तरिक क्रियाकलापमा सहभागी गराई शारिरीक तथा मानिसिक रुपमा सवल र सक्षम बनाउने उद्देश्यले अन्तर कर्मचारी खेलकुद प्रतियोगिता अन्तर्गत पुरुष तर्फ क्रिकेट, पुरुष तथा महिला तर्फ फुटसल, ब्याडमिण्टन र बुद्धिचाल जस्ता विभिन्न प्रकारका खेल प्रतियोगिता आयोजना गरिएको कम्पनीले जनाएको छ ।

कम्पनी पाल्पा शाखाले पनि तानसेन नगरपालिका-१ भूषलडाँडामा रहेका नीलसागर आश्रमका अशक्त, असहाय, वृद्धवृद्धाहरुलाई भोजन गराएको शाखा प्रमुख उमेश गैरेले बताए ।

रक्तदान गरौं
- हाम्रो थोरै रगतले पनि अरुको ज्यान जोगिन सक्छ,
- हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्छ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान महादान र जीवन दान हो ।
आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई